# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) मुकामः बुटवल, मंसिर २८ गते, २०७९ साल (अतिरिक्ताङ्क २६

# भाग ३

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७९।०८।२८ को निर्णयानुसार "प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (चौथो संशोधन) निर्देशिका, २०७९" सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

### प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (चौथो संशोधन) निर्देशिका, २०७९

**प्रस्तावनाः** प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका,२०७६ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम **"प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (चौथो संशोधन) निर्देशिका, २०७९"** रहेको छ ।

(२) यो निर्देशिका तुरून्त लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) **"मुल निर्देशिका"** भन्नाले "प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका, २०७६" सम्झनुपर्छ ।

३. **मुल निर्देशिकाको दफा १२ को उपदफा (१) को खण्ड (क) मा संशोधनः** मूल निर्देशिकाको दफा १२ को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ ।

*"(क) परिवारले आवासको रुपमा प्रयोग गर्दै आएको घर पूर्ण क्षति भएमा परिवारको सदस्य संख्याको आधारमा प्रति सदस्य रु. १०,०००।— (दश हजार) का दरले बढिमा रु. ५०,०००।— (पचास हजार) ।*

*तर,*

*परिवार संख्या नखुलेको अवस्थामा सम्बन्धित स्थानीय तहबाट सिफारिस भै आएका घर धनी तथा वहालमा बस्ने व्यक्तिको प्रति परिवार समेतलाई एकमुष्ट रु. ३००००।- (तीस हजार) राहत रकम उपलब्ध गराइने छ।"*

**आज्ञाले,**

**कोमल प्रसाद धमला**

**प्रदेश सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय